# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८०/०७/२४
बैठक संख्या: १४
समय: दिनको ३:०० बजे

अर्थ समितिको आज बसेको बैठकमा अर्थ मन्त्रीज्यूले मुलुकको विद्यमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको हाल सम्मको बजेट कार्यान्वयन सम्बन्धमा माननीय सदस्य र मन्त्रालयका पदाधिकारी बीच विस्तृत छलफल भयो ।साथै नयाँ स्टक एक्सचेञ्जका सम्बन्धमा समितिका माननीय सदस्यहरुबीच छलफल भयो र तपसील बमोजिमको निर्णय गरियो ।

१. माननीय अर्थमन्त्रीज्यूसँगको छलफलमा उठान भएका विषयहरुमा ६०(साठी) दिनभित्र प्रगति विवरण पेश गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने।

२. समितिको मिति २०८०/०२/२९ को निर्णय बमोजिम समितिबाट विस्तृत अध्ययन गरी अर्को निर्णय नभएसम्मका लागि नयाँ स्टक एक्सचेन्जको स्थापना सम्बन्धी कामकारवाहीलाई अगाडि नबढाउन नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जलाई निर्देशन दिइएकोमा समितिबाट सम्बन्धित निकायहरुबाट कागजात माग गरी अध्ययन गर्दा नयाँ स्टक एक्सचेञ्ज को अनुमति प्रदान गर्ने वा नगर्ने भन्ने विषय सर्वोच्च अदालतमा प्रवेश भई अन्तिम फैसला भइसकेको देखिन आएकोले उक्त निर्देशनको प्रयोजन समाप्त भएको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र धितोपत्र बोर्डलाई दिने ।

३. समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

<u>फरक मत</u>

विधि पुर्‍याएर आर्थिक सुशासनका आधारभूत सिद्धान्त प्रति कटिवद्ध भई विशुद्ध प्रतिस्पर्धाको कोणबाट दोस्रो स्टक एक्सचेञ्ज स्थापनाको प्रक्रिया छिट्टै अगाडि बढाउन सिद्धान्ततः मेरो असहमति नभएपनि अर्थ

समितिको २०८०/०२/२९ को निर्णयप्रति न्याय नहुने, आवश्यक सहजीकरण गरिदिन नेपाल धितोपत्र बोर्डले २०८०/०७/१६ मा पठाएको पत्र समितिमा अग्रीम पेश नगरी, छलफल नगराई, हतार हतार २०८० को दिपावली सुरु हुनु अघि साँझको सात बजे खोटपूर्ण नियतका साथ संगठित तवरले हठात् निर्णय गरेको देखिने भएको र चाडपर्व पछि सार्थक छलफल गरी निर्णय लिंदा अर्थ समिति सन्देहको घेराबाट बाहिर हुने महशुस गरेकोले निर्णय २ प्रति मेरो फरक मत (Note of Dissent) दर्ज गरेको छु ।

.........................................
डा. स्वर्णिम वाग्ले
सदस्य, अर्थ समिति

.........................................
रेखा उपाध्याय खनाल
समिति सचिव

.........................................
सन्तोष चालिसे
सभापति